मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

(प्रशासन, योजना तथा अनुगमन शाखा)

मन्थली, रामेछाप

बागमती प्रदेश, नेपाल

फोन:-०४८-५४०११२

प.सं.:-०७८/७९

च.नं.:- ३५८६

मितिः २०७९//०१/१४

**विषय : कार्यवाहक वडाध्यक्ष सम्वन्धमा ।**

श्री वडा कार्यालयहरु सवै (१४),

मन्थली नगरपालिका, रामेछाप ।

प्रस्तुत विषयमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११६ को उपदफा (१) मा वडा अध्यक्षको पद कुनै कारणले रिक्त भएमा वडा समितिका सदस्यहरुले आफूमध्येबाट छनौट गरेका सदस्यले कार्यवाहक वडाध्यक्ष भई काम गर्नेछ भन्ने र सोही दफाको उपदफा २ मा कुनै वडाको निर्वाचन नभएकोमा निर्वाचन नभए सम्मको लागि कार्यपालिकाले कुनै कर्मचारीलाई वडा अध्यक्षको कार्यगर्नेगरी तोक्न सक्नेछ भन्ने ब्यवस्था रहेको सन्दर्भमा हाल तहाँ वडामा कुनै कारणले वडाअध्यक्षको पद रिक्त भएमा वडासमितिका सदस्यहरु मध्येबाट कार्यवाहक अध्यक्षको रुपमा कामकाज गर्नेगरी ब्यवस्था मिलाउनुहुन र वडा समितिका सम्पूर्ण निर्वाचित पदहरु रिक्त भएको अवस्थामा सम्वन्धित वडा सचिवले कार्यवाहक वडाअध्यक्षको रुपमा समेत कामकाज गर्नुहुन अनुरोध छ । साथै राजिनामा स्वीकृत गराई वा अन्य कुनै कारणले पदमुक्त हुने पदाधिकारीहरुले वडा कार्यालयको कुनै कागजात, नगदी वा जिन्सी सामग्री वुझिलिएको भएमा बरबुझारथ गराउने ब्यवस्था समेत गर्नुहुन अनुरोध छ ।

..................

लिलाराज पौडेल

प्रमुख प्रशासकीय अधिकृत

लिलाराज पौडेल

प्रमुख प्रशासकीय अधिकृत

अवगतार्थः

१. श्रीमान् नगरप्रमुखज्यू, मन्थली नगरपालिका, रामेछाप ।

२. श्रीमान् नगर उपप्रमुखज्यू, मन्थली नगरपालिका, रामेछाप ।

३. श्री जिल्ला प्रशासन कार्यालय, मन्थली रामेछाप ।

४. श्री मालपोत कार्यालय, मन्थली, रामेछाप ।